**आकाशवाणी समाचार- नेपाली**

मितिः २० सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मू आज बिहारको भ्रमणमा रहनुहुनेछ। उहाँ तीर्थनगरी गया जानु हुनेछ र विष्णुपद मंदिरमा पूर्वजहरुका लागि पिंडदान गर्नुहुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज गुजरातको भावनगरमा **समुद्र से समृद्धि** कार्यक्रममा भाग लिनुहुनेछ र लगभग 34 हजार दुई सय करोड रूपियाँका विकास परियोजनाहरुको शिलान्यास र शुभारंभ गर्नुहुनेछ।

- भारत एक पटक फेरि **विश्व डाक संघको** प्रशासनिक परिषदको सदस्य निर्वाचित भएको छ।

- भारतले, राष्ट्र संघ महासभाको आगामी सत्रमा प्यालेस्टिनी राष्ट्रपति महमूद अब्बासलाई भिडियो कन्फरेन्स मार्फत सम्बोधन गर्न अनुमति दिने पक्षमा मतदान गरेको छ।

- **एशिया कप क्रिकेटमा, भारतले आफ्नो अंतिम ग्रुप ए म्याचमा ओमानलाई 21 रनले पराजित गरेको छ।**

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मु आज बिहारको भ्रमणमा रहनुहुनेछ। उहाँले तीर्थस्थल गयाजीको भ्रमण गर्नुहुनेछ अनि विष्णुपद मन्दिरमा पुर्खाहरूलाई पिण्डदान गर्नुहुनेछ।गयाजीमा विश्व प्रसिद्ध पितृपक्ष मेला जारी छ, भारत र विदेशबाट ठूलो संख्यामा भक्तजनहरू आफ्ना पुर्खाहरू र दिवंगत आत्माहरूको सम्झनामा पिण्डदान र तर्पण गर्न आइपुगिरहेका छन्।राष्ट्रपति बिहान ८ बजे विशेष उडानबाट गया विमानस्थलमा पुग्नुहुनेछ। त्यस पछि उहाँ सडकमार्गबाट विष्णुपद मन्दिर जानुहुनेछ। उहाँको भ्रमणलाई ध्यानमा राख्दै जिल्ला प्रशासनले कडा सुरक्षा व्यवस्था गरेको छ।

**प्रधानमन्त्री गुजरात भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आज गुजरातको एक दिने भ्रमणमा रहनुहुनेछ। उहाँले 'समुद्र से समृद्धि' कार्यक्रममा भाग लिनुहुनेछ र भावनगरमा ३४ हजार २०० करोड रुपैयाँभन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। प्रधानमन्त्रीले यस अवसरमा जनसमूहलाई सम्बोधन पनि गर्नुहुनेछ। आज सुरु हुने परियोजनाहरूले समुद्री, एलएनजी पूर्वाधार, नवीकरणीय ऊर्जा, राजमार्ग, स्वास्थ्य सेवा र शहरी यातायात लगायत धेरै क्षेत्रहरूलाई जोड्ने छ । हाम्रा संवाददाताले बताए अनुसार, इन्दिरा डकमा मुम्बई अन्तर्राष्ट्रिय क्रूज टर्मिनलको उद्घाटन आज सुरु हुने प्रमुख परियोजनाहरू मध्ये एक हो।

(BYTE)

**सेवापर्व-सबके लिए बीमा**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, सरकार जनसेवा र सुशासनको भावनाले प्रेरित परिवर्तन र प्रगतिको लागि अथक

प्रयास गरिरहेको छ। हाम्रो विशेष सेवा पर्व श्रृंखलामा, आज हामी मोदी सरकारले देशका प्रत्येक परिवारलाई सुरक्षा प्रदान गर्न बीमाको कभरेज कसरी विस्तार गरेको छ भन्ने बारेमा छलफल गर्नेछौं।

(byte)

**भारत-विश्व डाक संघ**

भारत एक पटक फेरि **विश्व डाक संघको** प्रशासनिक परिषदको सदस्य निर्वाचित भएको छ। सञ्चार मन्त्रालयले यसले भारतीय डाक व्यवस्थाको सुधार र डिजिटल पहलहरूमा विश्वव्यापी समुदायको विश्वासलाई प्रतिबिम्बित गरेको बताएको छ।केन्द्रीय सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले सोशल मीडिया पोस्ट मार्फत भन्नुभएको छ यस उपलब्धिले प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदृष्टिको कारण वैश्विक स्तरमा भारतको नेतृत्वको पत्तो लाग्दछ। उहाँले थप भन्नुभयो यस उपलब्धिमा विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरको मार्गदर्शनको पनि प्रमुख भूमिका रहेको छ।भारत 1876 देखि विश्व डाक संघको सदस्य रहेको छ र अन्तर्राष्ट्रिय डाक नेटवर्कलाई बलियो बनाउन लगातार प्रयासरत छ।

**भारत- राष्ट्र संघ महासभा-महमूद अब्बास**

भारतले राष्ट्र संघ महासभाको आगामी सत्रमा प्यालेस्टिनी राष्ट्रपति महमूद अब्बासलाई भिडियो कन्फरेन्स मार्फत सम्बोधन गर्न अनुमति दिने पक्षमा मतदान गरेको छ।193 सदस्य देशहरू मध्ये 145 ले प्रस्तावको पक्षमा मतदान गरे। अमेरिका र इजरायलले प्रस्तावको विरोध गरेका छन।हालै, अमेरिकाले राष्ट्र संघ महासभाको सत्रमा व्यक्तिगत रूपमा उपस्थित हुनका लागि प्यालेस्टिनी अधिकारीहरूलाई वीज़ा दिन अस्वीकार गरेको छ।

**विदेश मंत्रालय-ईरान**

विदेश मन्त्रालयले भारतीय नागरिकहरूलाई इरानमा रोजगारीको वाचा वा प्रस्तावको शिकार नहुन भनि सल्लाह दिएको छ। हालै, भारतीय नागरिकहरूलाई इरानमा रोजगारीको प्रलोभनमा पारेर वा रोजगारीको लागि अन्य देशहरूमा पठाइएका धेरै घटनाहरू भएका छन्।इरान पुगेपछि, यी भारतीय नागरिकहरूलाई आपराधिक गिरोहहरूले अपहरण गरे र उनीहरूको रिहाइको लागि परिवारबाट फिरौती माग गरिएको थियो।विदेश मन्त्रालयले इरान सरकारले पर्यटनका लागि मात्र भारतीयहरूलाई विसा-मुक्त प्रवेश अनुमति दिएको र काम वा अन्य कुनै उद्देश्यका लागि इरानमा विसा-मुक्त प्रवेशको वाचा गर्ने एजेन्टहरू आपराधिक गिरोहहरूसित जोडिएको हुन सक्ने बताएको छ।

**"चलो जीते हैं"**

प्रधानमन्त्री नरेन्द्र मोदीको ७५ औं जन्मदिनको अवसरमा हिज राष्ट्रिय पुरस्कार विजेता फिल्म "चलो जीते हैं" देशभरका लाखौं विद्यालय र लगभग 500 सिनेमाघरहरूमा प्रदर्शन गरिँदैछ। यो फिल्म प्रधानमन्त्री मोदीको जीवनको बाल्यकालको घटनाबाट प्रेरित छ।

(BYTE)

**मणिपुर - जवान शहिद**

मणिपुरमा, हिजो साँझ विष्णुपुर जिल्लामा अज्ञात सशस्त्र आतंकवादीहरूको एक समूहले अर्धसैनिक बलको एक वाहनमा गरेको हमलामा एक नायब सुबेदार सहित असम राइफल्सका दुई जवान शहीद भएका छन भने अन्य पाँच घाइते भएका छन्। **एसिया**

**कप क्रिकेट**

एसिया कप क्रिकेट प्रतियोगितामा भारतले हिज राति अबुधाबीको शेख जायद स्टेडियममा समूह ए को आफ्नो अन्तिम म्याचमा ओमानलाई २१ रनले पराजित गऱ्यो। १८९ रनको लक्ष्य पछयाउँदै ओमानले आमिर कलीम र हम्मर मिर्जाको अर्धशतकको सहयताले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १६७ रन बनायो।सन्जु सामसनले ५६ रन र अभिषेक शर्माले ३८ रनको बहुमूल्य इनिङ खेले, जसले भारतलाई निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १८८ रन बनाउन मद्दत गऱ्यो। सन्जु सामसनलाई प्लेयर अफ द म्याच घोषित गरियो।श्रीलंका अनि बंगलादेश बीच आज दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा सुपर फोरको पहिलो म्याच खल्नेछन्। म्याच भारतीय समय अनुसार राति ८ बजी सुरु हुनेछ।

**फ्रांस - माली**

फ्रान्सले पश्चिम अफ्रिकी देश मालीसँगको आतंकवाद रोधी सहयोग निलम्बन गरेको छ र माली दूतावास र वाणिज्य दूतावासका दुई कर्मचारीहरूलाई देश छोड्न आदेश दिएको छ। अगस्टमा बामाकोमा एक फ्रान्सेली गुप्तचर एजेन्टलाई पक्राउ गरेपछि यो कदम चालिएको हो।

**भारत - रूस ज़ापद (ZAPAD) सैन्य अभ्यास**

विदेश मन्त्रालयले हिज रूसमा भएको जापाड सैन्य अभ्यासमा भारतको सहभागितालाई प्रकाश पार्दै अमेरिका र तुर्की जस्ता नेटो सदस्य राष्ट्रहरूले पनि पर्यवेक्षकको रूपमा भाग लिएको कुरा प्रकाश पारेको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिनुहुदै उक्त टिप्पणी गर्नुभएको हो।